कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

नगर कार्यपालिकाको
बैठक संख्या: ६७, २०७९-२०८४
मिति २०८२/०९/१५ को
निर्णय प्रमाणित ..........

## कोहलपुर नगर कार्यपालिकाको बैठकका निर्णयहरु (बैठक नं ६७, २०७९-२०८४)

मिति : २०८२ पुष १५ गते

**निर्णयहरुः**

१. कोहलपुर नगरपालिकाको अघिल्लो कार्यपालिका बैठकमा भएका निर्णयहरु कार्यान्वयन अवस्था सम्बन्धमा समीक्षा गरियो । कार्यपालिकाका निर्णयहरु कार्यान्वयनमा सबै सरोकारवालाहरुसँग समन्वय र सहकार्य गर्ने ।

२. विधायन समितिबाट विभिन्न सरोकारवालाहरुको छलफल भई तर्जुमा भएका देहायका कार्यबिधीहरुमा बैठकका सदस्यहरुबाट प्राप्त सुझाव समेटी देहायका कार्यबिधीहरु स्वीकृत गर्ने ।
- कोहलपुर नगरपालिकाको उत्पादनमा आधारित दुग्ध प्रोत्साहन अनुदान वितरण कार्यबिधी, २०८२
- कोहलपुर नगरपालिकाको स्वास्थ्य शिविर कार्यक्रम (सञ्चालन) कार्यबिधी, २०८२

३. नगर सभाको १९ औ अधिवेशनको तयारीका सम्बन्धमा छलफल भई सबै शाखा/ उपशाखा एवं वडा कार्यालयहरुले तयारी गर्ने ।

४. यस नगरपालिका अन्तर्गत रहेका देहायका विभिन्न समितिहरुको बैठकबाट भएका निर्णयहरुको सम्बन्धमा बैठकमा जानकारी भयो । सो निर्णयहरु अनुमोदन गरी कार्यान्वयन गर्ने ।
- विपद व्यवस्थापन समितिको मिति २०८२/०९/१४ को निर्णयहरु
- अपाङ्गता समन्वय समितिको मिति २०८२/०८/२५ गतेका निर्णयहरु ।

५. गत आ.ब. को सामाजिक विकास शाखा तर्फको मकैको खोस्टाबाट झोला र टोपी बनाउने तालिमका लागि रु.२ लाख बजेट विनियोजन भएकोमा सो को सम्झौता भई कार्य सम्पन्न समेत भईसकेकोमा बजेट अभावका कारण भुक्तानी हुन नसकेकाले चालु आ.ब. २०८२/०८३ को भैपरी आउने चालु शीर्षकबाट सो कार्यको भुक्तानी गर्ने ।

६. तमु ह्यूल छोंज धी(गुरुङ्ग राष्ट्रिय परिषद) कोहलपुर इकाई समिति, बाँकेबाट तमु ल्होसार २०८२ कार्यक्रममा लागी आर्थिक सहयोग माग भई आएकोमा आर्थिक वर्ष २०८२/०८३ को वार्षिक नीति, बजेट तथा कार्यक्रम पुस्तिकाको पेज नं. १८७ सि.नं. ५१४ लोसार पर्व शीर्षकमा विनियोजित रु.१,५०,०००।- उपलब्ध गराउने ।

७. कोहलपुर नयाँ बसपार्कमा रहेको खानेपानी तथा सरसफाई कार्यका लागि प्रयोग हुँदै आएको समरसिबल पम्प मर्मतका लागि प्रतिवेदन समेतका आधारमा निवेदनसाथ संलग्न बील भरपाई बमोजिमको मर्मत खर्च रकम वापत भैपरी आउने पुँजिगत शीर्षकबाट रु.५७,१२२।- भुक्तानी गर्ने ।

८. यस नगरपालिकाबाट "घ" वर्गको इजाजतका लागि निवदेन पेश भएकोमा आवश्यक कागजात एवं प्रक्रिया पुरा भएका देहायका फर्महरुलाई "घ" वर्गको इजाजत अनुमती प्रदान गर्ने ।
क) सम्राट सिभिल सोलुसन प्रा.लि., कोहलपुर न.पा. ८, बाँके ।

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत



CamScanner

नगर कार्यपालिकाको
बैठक संख्या: ६७, २०७९-२०८४
मिति २०८२/०९/१५ को
निर्णय प्रमाणित ............

ख) आइडल एण्ड आइरभ निर्माण सेवा, कोहलपुर न.पा. ६, बाँके ।
ग) क्रिप निर्माण सेवा, कोहलपुर न.पा. २, बाँके ।
घ) सार्वभौम इन्जिनियरिङ एण्ड इन्फ्रास्ट्रक्चरस, कोहलपुर न.पा. ५, बाँके ।

९. यस नगरपालिकाको संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधी, २०८१ को १४ बमोजिम प्राविधिक समितिका गठन लागि संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण सम्वन्धी कार्यसूची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि प्राविधिक पक्षहरुको अध्ययन, विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न कार्यपालिकाले देहाय बमोजिमको प्राविधिक समिति गठन गर्ने व्यवस्था बमोजिम देहाय बमोजिम जिम्मेवारी तोकी समिति गठन गर्ने ।

तपसिल

श्री बाल कृष्ण महतारा क्षेत्री, वरिष्ठ ईन्जनियर, योजना तथा प्राविधिक शाखा प्रमुख - संयोजक
श्री उर्मिला चन्द, वन प्राविधिक, विषय विज्ञ - सदस्य
श्री बीर बहादुर थापा, नगर प्रहरी तथा विपद शाखा प्रमुख - सदस्य सचिव

१०. कोहलपुर नगरपालिकाको क्षतिग्रस्त प्रशासनिक भवन पुर्ननिर्माण तथा पुर्नसंचालनका लागी नगरपालिकाको मुख्य प्रशासनिक भवन तथा अन्य भवनहरुमा आल्मुनियम झ्याल ढोका र पार्टिसन कार्यका लागि भैपरी आउने पूँजिगत शीर्षकवाट रु.१० लाख उपलब्ध गराउने ।

११. नगर कार्यपालिकाको कार्यालय परिसरमा अपागंमैत्री शौचालय निर्माणका लागि भैपरी आउने पूँजिगत शीर्षकबाट रु.१० लाख उपलब्ध गराउने ।

१२. नवप्रर्वतन साझेदारी परियोजना सञ्चालन कार्यविधि २०८२ अनुसार प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमले परिलक्षित गरे बमोजिम नवप्रर्वतनको माध्यमबाट स्थानीय आर्थिक विकासमा टेवा पुऱ्याउन प्रदेश तथा स्थानीय सरकारको सहलगानीमा नविनतम परियोजनाहरू सञ्चालन गर्न कुल लागत रु १ करोड४९ लाख ५० हजार मध्ये रु १ करोड १५ लाख प्रदेश सरकारबाट र रु ३४ लाख ५० हजार यस कोहलपुर नगरपालिकाबाट लागत साझेदारी गर्ने गरी कार्यक्रम कार्यान्वयन सहजीकरणको संरचना प्रस्ताव पेश गर्ने र कार्यक्रमको लागत सहभागिता सुनिश्चित गर्ने

१३. नवप्रर्वतन साझेदारी परियोजना सञ्चालनका लागि अवधारणापत्र पेश गर्ने सम्बन्धी २०८२/८/२९ गतेको मुख्यमन्त्री तथा मन्त्रिपरिषद कार्यालय प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम सहयोग इकाइ राप्ती उपत्यका देउखुरी दाङको पत्रानुसार अब २०८३/०८४ मा नवप्रर्वतन साझेदारी परियोजना सञ्चालन २०८२ कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा अवधारणा पत्र तयार गरी पठाउने ।

१४. कोहलपुर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधी, २०८२ स्वीकृत गर्ने ।

गार्ब बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत